बैठक संख्या १

आज मिति २०८३/०४/०१ गते शुक्रवारका दिन यस आ.व. २०८३/०८४ अन्तर्गत रामपुर नगर कार्यपालिकाको पहिलो कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८३/०८४ को पहिलो कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. गत आ.व.को शाखागत प्रगति सम्बन्धमा ।
२. म्याद थप सम्बन्धमा ।
३. विभिन्न वडाको सडकमा ग्राभेलिङ्ग गर्ने सम्बन्धमा ।
४. विविध ।

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट सम्पादन गरिएका कार्यहरुको प्रगति समिक्षा गरियो ।

२. निर्णय नं २ प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन, प्रमाणीकरण, सूचना प्रणालीमा प्रविष्ट लगायतका कार्यहरु अनवरत रुपमा गर्दा पनि अषाढ मसान्त भित्र लगत संकलन तथा प्रमाणीकरणको कार्य सम्पन्न गर्न नसकिने भएकोले उक्त कार्यको लागि म्याद थप गर्नका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,भूमि समस्या समाधान समिति,ताहाचल, काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

३ निर्णय नं ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा अविरल वर्षातका कारण विभिन्न वडाहरूमा गएको बाढीपहिरोले सडक सञ्जाल क्षतिग्रस्त भई विद्यार्थी, एम्बुलेन्स तथा अन्य सवारी साधन आवतजावतमा गम्भीर अवरोध सिर्जना भएको र आकस्मिक स्वास्थ्य उपचार र विद्यालय जाने बालबालिकाको संवेदनशीलतालाई मध्यनजर गर्दै यातायात सेवालाई छिटो र सुरक्षित रूपमा सुचारु गर्नका लागि ग्राभेलिङ्ग गर्न अति आवश्यक रहेकोले रामपुर नगरपालिका वडा नं. २ को खयरबोट जाने झोलुङ्गे पुल माथि चामजरी चौरमा संचित रहेको नदीजन्य सामग्री  साथै उक्त मर्मतको खर्च नगरस्तरीय मर्मत खर्च शीर्षकबाट भुक्तानी हुने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

४ निर्णय नं ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७४/१०/१० गते पदम बहादुर रानाको वडा नं. ४ को कि.नं. ९६७ को क्षेत्रफल ४-०-०-० मा रहेको जग्गामा घर निर्माण गर्न पेश भएको हुँदा नियमानुसार घर निर्माण सम्पन्न भएको र प्रमाणपत्र, घर निरिक्षण दस्तुर समेत दाखिला गरेको तर भुलवस स्वयंम घर धनिले उक्त कागजातपत्रहरु लिइ गएको र प्रमाणपत्र नलिएको हुँदा उक्त घरलाई पुरानै राजस्व अनुसार प्रमाणपत्र दिई नयाँ घर निरिक्षण दस्तुर तथा प्रमाण पत्र दस्तुर लिई घरको नियमानुसार प्रमाणपत्र उपलब्ध गराइदिनका लागि निजले निवेदन समेत पेश गरेको हुनाले यस कार्यालयको प्राविधिक शाखालाई उक्त कार्य नियमानुसार हुने गरी अगाडी बढाउन अनुमति दिने निर्णय गरियो ।

५. निर्णय नं ५ प्रस्ताव नं. ४ माथि छलफल गर्दा पछिल्ला आ.व.हरुमा यस नगरपालिका अन्तर्गत नागरिकता नभएका असहाय, विपन्न जेष्ठ नागरिकलाई वडा मुचुल्का तथा वडा कार्यालयको सिफारिसमा प्रति महिना प्रतिव्यक्ति रु १५०० का दरले उपलब्ध गर्दै आइरहेकोमा उक्त कार्यालयलाई आर्थिक सहायता खर्च शीर्षकबाट कट्टा हुने गरी यस आ.व.मा पनि निरन्तरता दिने निर्णय गरियो ।

६. निर्णय नं ५ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कार्यालयको मुख्य भवन लगायत यस वरिपरि रहेका संरचनाहरुको सुरक्षाका लागि रात्रीकालीन समयमा १ जना नगर प्रहरी खटाइएकोमा उक्त नगर प्रहरीले हरेक दिन साँझ खाने खानाको खर्च साथै सार्वजनिक बिदा तथा शनिवारको दिन बिहान खटिए बापतको खाना खर्च रकम समेत रकम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

७. निर्णय नं ५ प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाको कार्यालयबाट सेफ्टि टयाङ्की सफा गर्ने क्रममा जाने कर्मचारीलाई प्रोत्साहन स्वरुप प्रति ट्रिप रु ३५०/-, डोजर अपरेटरलाई खटिएको समयको प्रति घण्टा रु १५०/- का दरले भत्ता रकम तथा ग्रेडर चालकलाई मासिक रुपमा रु ६,०००/-, फोहरमैला राजस्व संकलन र नदीजन्य सामग्री अनुगमनका लागि खटिने नगर प्रहरीलाई खटिएको दिनको रु ५००/- उपलब्ध गराउने निर्णय गरियो ।

८. निर्णय नं ५ प्रस्ताव नं. ४ माथि छलफल गर्दा उन्नाइसौ नगर सभाबाट पारित भई निर्धारित घर निरिक्षण दस्तुर असुल भई आएमा घर निरिक्षणका लागि कार्यस्थलमा खटिई जाने र सो कार्यमा संलग्न सबै कर्मचारीहरुलाई घर निरिक्षण दस्तुर तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

क) पुरानो घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु २०००/-

ख) नया घर स्थलगत निरिक्षण दस्तुर शुल्क रु २५००/-

९. निर्णय नं ९ प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका नगर क्षेत्रभित्र उत्पन्न हुने फोहोरमैला सुरक्षित, स्वच्छ र वातावरणमैत्री रूपमा व्यवस्थापन गर्न र सो सम्बन्धी काममा खटिनर् कर्मचारीहरूलाई जिम्मेवारी निर्धारण तथा प्रभावकारी खटाउने तथा फोहरमैला राजस्व संकलनको जिम्मेवारी लिने लगायत काम गर्ने गरी यस कार्यालयमा सवारी चालक पदमा कार्यरत सिताराम आचार्यलाई खटाउने निर्णय गरियो साथै सो बापत मासिक रुपमा रु २२००/- उपलब्ध गराउने निर्णय गरियो ।

१०. निर्णय नं १० प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय उपर कुनै व्यक्ति, संघ संस्थाबाट कुनै अड्डा अदालतमा मुद्धा/उजुरी पर्न आएको खण्डमा सो मुद्धामा नगरपालिकाको तर्फबाट लिखित जवाफ दिइ मुद्धाको सम्पूर्ण पैरवी गर्नका लागि नगर प्रमुख श्री रमण बहादुर थापाज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

११. निर्णय नं ११ प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा ईल्कट्रोनिक्स, पलम्बिङ्ग सम्बन्धी मर्मत कार्य लगायत सम्पूर्ण कार्य गर्ने गरी वार्षिक रुपमा ७५,०००/-(रु पचहत्तर हजार) करार सेवा शुल्क (ज्यालादारी समेत) शिर्षकबाट भुक्तानी गर्ने गरि बर्षा ईल्कट्रोनिकस सँग सम्झौता गर्ने निर्णय गरियो ।

१२. निर्णय नं १२ प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकामाथि आइपर्ने विभिन्न मुद्धा मामिलामा नगरपालिकाको तर्फबाट लिखित मस्यौदा, लिखित जवाफ, बहस गर्ने तथा नगरपालिकाका विभिन्न ऐन, नियमावली, कार्यविधि निर्माणमा सहयोग गर्ने गरि अधिवक्ता/नोटरी पब्लिक श्री गोबिन्द प्रसाद मरासिनीलाई बार्षिक रु १,२०,०००/-(एक लाख बिस हजार) रुपैया उपलब्ध गराउने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

१३. निर्णय नं १३ प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुमध्ये शुरु स्थायी नियुक्ती र सेवा करार सम्झौता भएको ६ महिना अवधि पुगेका सम्पूर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने निर्णय गरियो ।